# लुम्बिनी प्रदेश सरकार

## मानानीय मुख्यमन्त्रीज्यूबाट प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम कार्यान्वयन सम्बन्धमा सचिव बैठकमा दिएको निर्देशन

२०८० श्रावण ३

१. **वार्षिक कार्यक्रम र समीक्षा सम्वन्धमा :**

- संघ र प्रदेशको वार्षिक विकास कार्यक्रममा एउटै आयोजना/कार्यक्रम शिर्षकमा दुई तहबाट बजेट विनियोजन भएको पाइएमा वा प्रदेशको वार्षिक विकास कार्यक्रममा समेत एउटै आयोजना/कार्यक्रम दुई शिर्षकमा समावेश भएको पाइएमा उक्त आयोजना/कार्यक्रमको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयसँग समन्वय गर्ने र उक्त आयोजना/कार्यक्रम सम्वन्धित मन्त्रालयबाट स्वीकृति लिएर मात्र कार्यान्वयन गर्ने, गराउने व्यवस्था मिलाउने।
- सबै मन्त्रालयले तेश्रो मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठक (वार्षिक प्रगति समिक्षा) साउन १० गते भित्र गरिसक्ने। आर्थिक वर्ष २०७९।०८० को तेश्रो प्रदेश विकास समस्या समाधान समिति (वार्षिक प्रगति समिक्षा) को बैठकमा राख्नुपर्ने नीतिगत, कार्यक्रमिक लगायतका विषयसहितको प्रस्तुती तयारी गर्ने।

२. **प्रतिवेदन व्यवस्था सम्वन्धमा :**

- आर्थिक वर्ष २०८०।८१ को वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न सबै मन्त्रालयले वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना उपलब्ध गराइएको ढाँचामा तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा साउन १५ गते अगावै पठाउने। मा. मुख्यमन्त्रीज्यू र मा. मन्त्रिज्यूहरुको सहभागितामा हुने उक्त कार्ययोजनाको प्रस्तुती मन्त्रालयको सचिवबाट हुने गरी तयारी गर्ने।।
- आ.व. २०८०।०८१ को नीति कार्यक्रम र बजेटको कार्यान्वयन प्रगति अवस्था स्पस्ट देखिने आवधिक प्रतिवेदन मासिक, त्रैमासिक र वार्षिक रुपमा सबै मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रतिवेदनको ढाँचा तयार गरी सबै मन्त्रालयमा उपलब्ध गराउने। नीति कार्यक्रम र बजेटको प्रगति समिक्षा त्रैमासिक रुपमा गर्ने गरी तयारी गर्ने।
- कुनै बजेट शिर्षक अन्तर्गतको वजेट कार्यक्रमलाई आयोजना/कार्यक्रमिक रुपमा वजेट व्यवस्था गर्नुपर्ने भए साउन तेश्रो हप्ता भित्रै आवश्यक तयारी गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग समन्वय गरी प्रदेश सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका(देउखुरी) नेपाल

- वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गर्दा चालु आर्थिक वर्षको पहिलो र दोश्रो त्रैमासिकमा नै वढी काम हुने गरी कार्ययोजनामा व्यवस्था गर्ने।

३. **कार्यसम्पादन सम्झौता :** प्रदेशमा कार्यसम्पादन स्तर र आयोजना/कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराएको ढाँचालाई आधार लिइ मा. मन्त्रीज्यू र सचिव, सचिव र कार्यालय प्रमुख/आयोजना प्रमुख, महाशाखा प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने, गराउने व्यवस्था सम्वन्धित सबै मन्त्रालयले मिलाउने। साथै, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित विषयमा समेत उपलब्धिसूचक ( Milestone) सहित तयार गरी Integrated Monitoring System मा अंकभार सहित प्रविष्ट गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपलब्ध गराइएको ढाँचा बमोजिम तयारी गर्ने।

४. **राजस्व परिचालन :** चालु आर्थिक बर्षमा अनुमान र लक्ष्य गरिएको आन्तरिक राजश्व परिचालनका लागि नीतिगत र व्यवस्थापकिय पक्षलाई प्राथमीकतामा राखी अर्थ मन्त्रालय र सम्वन्धित विषयगत मन्त्रालयको समन्वयमा अविलम्व प्रभावकारी राजश्व परिचालनको व्यवस्था मिलाउने।

५. **कानूनी व्यवस्था सम्वन्धमा :**

- चालु आर्थिक वर्षको नीति कार्यक्रम र बजेट कार्यान्वयनको लागि नयाँ कानूनी व्यवस्थाको आवश्यकता भए कार्यविधिको मस्यौदा र बाहेकका अन्य कानूनी मस्यौदा साउन २० भित्रै मस्यौदा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँगको समन्वयमा प्रस्ताव पेश गर्ने व्यवस्था सम्वन्धित मन्त्रालयले मिलाउने।
- मन्त्रालयहरुले नीति कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम कार्यान्वयनका लागि आवश्यक आवश्यक कानून मस्यौदा गर्दा अन्य मन्त्रालयको सहकार्य आवश्यक पर्नेमा उक्त मन्त्रालयसँग समेत आवश्यक समन्वय गर्ने व्यवस्था मिलाउने।

६. कुनै आयोजना कार्यक्रम कार्यान्वयन गर्न दुइ वा वढी मन्त्रालयको समन्वय र सहजीकरण आवश्यक पर्ने भए सम्वन्धित मन्त्रालयहरु बीच समन्वय गर्ने।

७. चालु आर्थिक वर्षको नीति कार्यक्रम र बजेटमा विनियोजन स्वीकृत भएको प्रदेश प्रमुख' शैक्षिक सुधार कार्यक्रम सञ्चालन श्रावण १५ भित्र तयार गरी सामाजिक विकास मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग समन्वय गर्ने।

८. पूर्वाधार क्षेत्रका आयोजनाहरु कार्यान्वयन गर्दा प्रदेशको भौगोलिक अवस्थित, जनसाख्यिक वनावट एवम् घनत्व र विगतका आयोजना कार्यान्वयन अभ्यासको अनुभवलाई मध्यनजर गर्दै जनताका आवश्यकतालाई प्राथमिकतामा राखी आयोजना ढाँचामा परिवर्तन गर्दै कार्यान्वयन गर्ने, गराउने।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी) नेपाल

९. **अन्तरतह / निकाय समन्वय :** संघीय सरकारका निकायबाट कार्यान्वयन गर्नुपर्ने आयोजना/कार्यक्रम प्रदेश विनियोजन ऐनको व्यवस्थाबमोजिम आवश्यक भए संघीय सरकार र निकायसँग शीघ्र समन्वय गरी कार्यान्वयन गर्ने, गराउने व्यवस्था सबै मन्त्रालयले मिलाउने।

१०. **जनशक्ति रिक्तता पूर्ति सम्वन्धी :** चालु आर्थिक वर्षको नीति कार्यक्रम, बजेट र वार्षिक विकास कार्यक्रम कार्यान्वयनमा प्रदेशमा जनशक्ति न्यून भएकै कारण जनशक्ति अभावको अवस्था देखिएमा कानूनी प्रक्रिया पुरा गरी वैकल्पिक जनशक्ति व्यवस्थापन गर्न विकल्प पेश गर्ने।

११. **साझेदार संस्थासँग समन्वय :** विकास सम्वद्ध संस्थाहरुले प्रदेश भित्र लगानी गर्ने आयोजना/कार्यक्रममा दोहोरो नपर्ने गरी प्रदेश सरकारले आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने, गराउने। प्रदेशमा लगानी गर्नेगरी कार्यक्रम तय भएका विकास सम्वद्ध संस्थासँग विषयगत मन्त्रालयले समन्वय गर्ने ।

१२. **सरुवा व्यवस्थापन :** प्रदेश सरकारका केन्द्रीय निकाय र विषयगत मन्त्रालयहरुले साउन मसान्तभित्रै कर्मचारी सरुवा व्यवस्थापन गरी भाद्र महिनाको प्रारम्भमा नै वार्पिक विकास कार्यक्रम कार्यान्वयन र कार्यसम्पादनको व्यवस्था मिलाउने।

१३. प्रदेशमा विपद जोखिम न्यूनिकरणको लागि खोज, उद्धार तथा राहतका कार्यक्रमहरु सहित पूर्वतयारी, रोकथाम र विपद व्यवस्थापन गर्न सुरक्षा निकाय, स्थानीय तह र अन्य सरोकारवालासँग समन्वयको व्यवस्था गृह मन्त्रालयले मिलाउने।

१४. पशुमा देखा परेको लम्पि स्किन रोगको उपचार तथा नियन्त्रणका लागि कृषि तथा भूमि व्यवस्था मन्त्रालयले प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाउने। साथै, यसका लागि सचेतनामूलक सामग्री वनाइ प्रचार प्रसार समेत गर्ने।

१५. सर्पदंशबाट जोगिन र सर्पदंश भएमा हुनसक्ने उपचारका विषयमा जोखिमयुक्त क्षेत्रमा वसोवास गर्ने जनतालाई सुसूचित गर्ने आवश्यक व्यवस्था स्वास्थ्य मन्त्रालयले मिलाउने।

१६. **Laureates and Leaders Summit :** लोरियट्स एण्ड लिडर्स समिट आगामी फेब्रअरी महिनाको पहिलो हप्तामा आयोजना गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयारी गर्ने। उक्त समिट सञ्चालनका क्रममा विभिन्न मूलुकबाट हुनसक्ने विकास सहायताका लागि क्षेत्रगत अवधारणा सहितका आयोजना/कार्यक्रम सम्वन्धित विषयगत मन्त्रालयले तयारी गर्ने।

१७. प्रदेश सरकारले विभिन्न विषयक्षेत्रमा प्रदान गर्ने पुरस्कार वितरणलाई सन्तुलित वनाउने गरी गृह मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने।

२०८०।४।१२